मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १४ गते बुधबार ❑ 30 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## सरकारले उद्योगी र व्यवसायीलाई प्रोत्साहित गर्नुपर्छ : सभापति देउवा

**रासस**
काठमाडौं, १३ साउन

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्योगी एवं व्यवसायीलाई लगानी गर्न प्रोत्साहित गनुपर्नेमा जोड दिनुभएको छ।

कांग्रेसको वित्तीय संस्था समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलबार आयोजित वर्तमान अवस्थामा देशको वित्तीय तथा मौद्रिक स्थिति विषयक कार्यक्रममा उहाँले कांग्रेस र नेकपा (एमाले)बीच भएको सातबुँदे सहमतिको एउटा महत्त्वपूर्ण उद्देश्य अर्थतन्त्र चलायमान बनाउनुभएको बताउनुभयो।

उहाँले भन्नुभयो, "विसं २०४८ मा कांग्रेसको सरकार आएपछि निजीकरण र उदारीकरणको नीति ल्याएको हो, त्यसपछि कांग्रेसले धेरै गाली खायो, गिरिजाप्रसाद कोइरालाले धेरै गाली खानुभयो, तर पनि हामी नीति क्षेत्रलाई उद्योग र व्यापार सञ्चालन गर्न सहयोग गर्न तयार छौँ, व्यापार व्यापारीले गर्ने हो, उद्योग उद्योगीले गर्ने हो, सरकारले उद्योग व्यापार गर्ने हैन, सरकारले के सहयोग गर्नुपर्छ, त्यो सहयोग गर्न तयार छौँ।" सभापति देउवाले लामो सशस्त्र द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, कोभिड-१९ को महामारी, रूस-युक्रेनबीच भएको द्वन्द्वले समेत नेपालको अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावका बाबजुद पनि मुलुकको आर्थिक स्थायित्व कायम रहन सक्नुमा २०४८ पछि कांग्रेसको सरकारले बसालेको दरिलो अर्थतन्त्रको जग भएको दाबी गर्नुभयो। सभापति देउवाले वर्तमान अवस्थामा अर्थतन्त्रका बाह्य सूचकहरू, सरकारको चालु खाता र शोधनान्तर बचत निरन्तर बढ्दै गएको, विदेशी मुद्रा सञ्चितिमा उल्लेखीय सुधार भएको, रेमिट्यान्स उच्च दरमा वृद्धि भएको, मुद्रास्फिति करिब चार प्रतिशतमा सीमित भएको, निजी क्षेत्रमा भएको कर्जा प्रवाह चार दशमलव छ प्रतिशतले वृद्धि भएको र गत वर्षको तुलनामा आयात १३ दशमलव एक प्रतिशत र निर्यात ७७ दशमलव आठ प्रतिशतले वृद्धि भएको जानकारी गराउनुभयो। "विद्युत् उत्पादन तथा वितरण, वित्तीय तथा बिमा, खानी तथा खनिज पदार्थ उत्खनन क्षेत्रको योगदानको कारण आर्थिक वृद्धि हुने सङ्केत देखा परे पनि अर्थतन्त्रको वास्तविक क्षेत्र उत्पादन, रोजगारी, उद्योग व्यवसायको अवस्था, लगानी अभिवृद्धि लगायत सूचकहरूमा अपेक्षित सुधार गरी निजी क्षेत्र र आम नागरिकको विश्वास जित्न अझै प्रयत्न गर्नुपर्नेछ," सभापति देउवाले भन्नुभयो, "विकास खर्च शीर्षकमा विनियोजित बजेटको ठूलो हिस्सा खर्च गर्न नसक्ने प्रवृत्तिले निरन्तरता पाइरहेको छ, यसलाई अन्त्य गर्न संरचनागत, संस्थागत, प्रकृयागत सुधार एवं आवश्यक ऐन कानुन र कार्यविधि यथाशीघ्र बनाएर पुँजीगत खर्च समयमै गर्ने परिपाटी बसाल्न आवश्यक छ।" सभापति देउवाले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरिएको मौद्रिक नीतिअनुसार ब्याजदर घटेकाले बैंकमा जम्मा भएको ठूलो रकम कर्जा प्रवाहमा विस्तार भई औद्योगिक व्यवसाय तथा सर्वसाधारण जनतामा केही उत्साह जगाउने विश्वास व्यक्त गर्नुभयो। "रेमिट्यान्समा हामी पर निर्भर हुनुपर्ने अवस्थाका कारण कृषि र उद्योगलाई यसले गम्भीर असर पुऱ्याएको छ, तसर्थ, रेमिट्यान्सलाई उत्पादनसँग जोड्ने वित्तीय र मौद्रिक नीति प्रभावकारी बनाउन अति आवश्यक छ," उहाँले भन्नुभयो, "वर्तमान अवस्थामा सहकारी क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र विश्वासिलो बनाउने उद्देश्यले सहकारी प्राधिकरणको व्यवस्था गरिएको छ, कतिपय सहकारी सञ्चालकबाट ठगिएका बचतकर्ताको बचत रकम यथाशीघ्र फिर्ता दिलाउन प्रभावकारी नीति लिन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।" नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सामाजिक सञ्जाललगायत माध्यमबाट नकारात्मक भाष्य सिर्जना गर्ने कार्यले लगानीकर्ताको मनोबल कमजोर हुँदै गएको भन्दै यसलाई सुधार गर्न ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

उहाँले अहिले नेपालको कानुन, सरकारको बजेट र मौद्रिक नीतिले निजी क्षेत्रको उत्साह थपेको भन्दै लगानीका लागि उपयुक्त अवसर सिर्जना गरेको धारणा राख्नुभयो। विकास बैंकर्स सङ्घका अध्यक्ष सुयोग श्रेष्ठले स्थानीय सरकारबाट हुने असहयोगका कारण लगानी गर्न समस्या भएको भन्दै यसका लागि सहज वातावरण बनाउन ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले अर्थतन्त्रको दिगोपनाका लागि रेमिट्यान्समा मात्रै भरपर्न नहुनेमा जोड दिनुभयो। बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिफिन)का अध्यक्ष उपेन्द्र पौडेलले नेपालमा पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न सक्नेगरी पूर्वाधार क्षेत्रको विकास गर्नुपर्ने बताउनुभयो। उहाँले वैदेशिक रोजगारबाट फर्किएकालाई रोजगारीमा प्रवर्द्धन गर्न बैंक तथा वित्तीय संस्थाहरूले ऋण दिइरहेको बताउँदै उनीहरूको क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। पूर्वगभर्नर डा चिरञ्जीवी नेपालले बजेट सकारात्मक आएको र अर्थतन्त्रलाई चलायमान बनाउनेगरी सरकारबाट राम्रो काम भएको बताउनुभयो। उहाँले अर्थतन्त्रको सबै सूचकहरू राम्रो हुँदै गर्दा सबैतिर सकारात्मक बहस हुँदै गएको र लचक मौद्रिक नीतिले पनि ब्याजदरलाई कम गराउन भूमिका खेलेको बताउनुभयो। धितोपत्र बोर्डका पूर्वकार्यकारी अधिकृत नीरज गिरीले नेपालको पुँजी बजारमा लगानीको वातावरण बनेको भन्दै धितोपत्र ऐनलाई समयसापेक्ष संशोधन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले नेपाल स्टक एक्सचेञ्जको पुनःसंरचना अनिवार्य भइसकेको भन्दै रु २५ करोडभन्दा कम पुँजी भएका कम्पनीका लागि छुट्टै स्टक एक्सचेञ्जको व्यवस्थापन गरिनुपर्छ भन्नेमा जोड दिनुभयो।

नविल बैकका पूर्वकार्यकारी अधिकृत ज्ञानेन्द्र ढुङ्गानाले उत्पादन, रोजगारीमा कमी आउँदै विगत चार वर्षदेखि सुस्त अवस्थामा रहेको अर्थतन्त्र चलायमान बन्दै गइरहेको भन्दै विदेशबाट प्राप्त हुने रेमिट्यान्सलाई सही रूपमा परिचालन गर्नुपर्नेमा जोड दिनुभयो।

चार्टर एकाउन्टेन्ट अनलराज भट्टराईले विद्युत् क्षेत्र, यातायात तथा भण्डारण, वित्तीय क्षेत्रले अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिँदै रोजगारीको अभिवृद्धि गरेको भन्दै आर्थिक रूपान्तरणबाट सबै नेपालीको जीवनस्थर उकास्न सहयोग पुग्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो। बैंक तथा वित्तीय संस्था सुधार कार्यदलका सदस्य चार्टर एकाउन्टेन्ट भुवन दाहालले निजी क्षेत्रलाई पूर्वाधार निर्माणको क्षेत्रमा प्रोत्साहन गर्नसक्ने गरी नीतिगत व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो। विभागका प्रमुख कर्णबहादुर बुढाले पार्टीमार्फत सरकारलाई उपयुक्त सुझाव उपलब्ध गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभयो।

## हायू परिवारलाई आफन्तको जिम्मा लगाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ छेत्पाबाट सम्पर्कविहीन भइ कास्कीको पोखरा महानगरपालिका- ३० गगनगौडामा भेटिएका उर्मिला हायूका परिवारलाई आफन्तको जिम्मा लगाइएको छ।

पोखरा-३० स्थित सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा सोमबार बेलुका भेटिएका उनीहरूलाई ज्वाइँ नाता पर्ने धनबहादुर तामाङको जिम्मा लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो। उनीहरूलाई पोखरा महानगरपालिका-३० का वडा अध्यक्ष दुर्गाप्रसाद सुवेदीको रोहबरमा आफन्तको जिम्मा लगाइएको हो। धनबहादुर हराएका मध्येकी कमला हायुका पति हुन्। प्रहरीका अनुसार बेलाबेलामा बिरामी भइरहने र धामीले त्यहाँ नबस्न भनेपछि छेत्पाबाट हिँडेको उनीहरूले बताएका छन्।

## रंगशालाको फुटबल स्टेडिएमको फ्लोर प्लेटमा मेटल प्लेट राख्न सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन



पोखरा रंगशालाको फुटबल स्टेडिएमको भुईमा बिछ्याईएको (फ्लोर प्लेट) प्लाई उड कुहिन थाले पछि ठेक्दार कम्पनीले पुनः मर्मत संहार गर्न थालेको छ।

एमए कन्ट्रक्सन जाउलाखेल ललितपुर (जेभी) र भारतीय कम्पनी ग्रेट स्पोर्टसले निमार्ण गरेको स्टेडियमको भुईमा बिछ्याईएको फ्लोर प्लेटको प्लाई उड कुहिदै प्वाल समेत पर्न थालेकोले पुनः मर्मत गर्न लागेको निर्माण कम्पनीले जनाएको छ।

नेपालकै गौरवको योजना अर्न्तगत पोखरा फुटबल स्टेडिएम निमार्णमा अन्तराष्ट्रि कम्पनी समेत जोडिएकोले त्यसको इज्जत र प्रतिष्ठाको लागि फ्लोर प्लेटको प्लाई उड परिवर्तन गर्न लागेको निमार्ण कम्पनी एमए कन्ट्रक्सनका प्रोजेक्ट म्यानेजर दिपक बराललले बताउनु भयो। उहाँले भन्नुभयो "पोखरमा बढी पानी पर्ने मौसमले गर्दा घाम पानीले फ्लोर प्लेटको प्लाई उड कुहिन थाल्यो यसले हामीलाई पनि नराम्रो लागि रहेको थियो सबै तर्फबाट यसको मर्मत संहार गर्नुपर्‍यो भन्ने राय सल्लाह अनुसार हामीले मर्मत संहार गर्न जुटेका छौं।" उहाँका अनुसार प्लाई उडको स्थानमा अब ग्लाल्भेनाइड एम.एस प्लेट (मेटल प्लेट) फेरिने भएको छ।

यूरोपमा अत्याधिक प्रयोग हुने उक्त प्लाई उड पोखराको हावा पानी र यहाँको वातावरण अनुकुल नहुँदा खुल्ला

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सार्वजनिकस्थल सफाइ अभियानमा जुटे स्थानीय

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन




सडक, पुल, नाला, चौतारा, मन्दिरलगायत सार्वजनिकस्थलको सरसफाइमा यहाँका स्थानीयवासी जुटेका छन्। 'हाम्रो टिम गलकोट'मा स्वयंसेवी रूपमा जोडिएका युवा, समाजसेवी, पेसाकर्मी आदि मिलेर बागलुङको गलकोट नगरपालिकामा सरसफाइ अभियान चलाएका हुन्।

गत असार ७ गतेदेखि हरेक शनिबार विभिन्न ठाउँमा पुगेर सरसफाइसहित सचेतनामूलक कार्यक्रम गर्ने गरिएको उक्त अभियानका संयोजक दीपक शर्मा पौडेलले बताउनुभयो। असार पहिलो शनिबार गलकोट नगरपालिका-३ र ६ जोड्ने गौँदीखोला पुल सरसफाइ गरिएको उहाँले जानकारी दिनुभयो।

दास्रो शनिबार मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत गलकोट ३, ५ र ७ को सङ्गमस्थलमा रहेको दरमखोला पुल सरसफाइ गरिएको थियो। तेस्रो शनिबार मध्यपहाडी लोकमार्गमै पर्ने गलकोट-२ नरेठाँटीको पुल, चौथो शनिबार गलकोट-३ रजराको ऐतिहासिक चौतारो र साउनको पहिलो शनिबार गलकोट-६ स्थित नगरपालिका कार्यालय जोड्ने सडक र नाली सरसफाइ गरिएको संयोजक पौडेलले बताउनुभयो। गत शनिबार रजरा चौतारोको सौन्दर्यीकरणका लागि विभिन्न रुख र फूलका बिरुवा रोपिएको उहाँको भनाइ छ। "निर्माण भएको वर्षौं बित्दासमेत नियमित मर्मत र सरसफाइ नहुँदा पुलमा कुरूप बनेका थिए, पुल छेउछाउ झाडीले ढाकिएको थियो", संयोजक पौडेलले भन्नुभयो, "सरसफाइ गरेपछि नाली बुझिने, पुलमा पानी र हिलो जम्ने समस्या पनि हटेको छ।" ठूलो लगानी गरेर रजराको चौतारो पुनर्निर्माण गरिएपनि रेखदेख नहुँदा जीर्ण बन्ने देखिएपछि सरसफाइ र वृक्षरोपण गरिएको उहाँको भनाइ छ। सरसफाइ अभियान आगामी दिनमा पनि नियमित रूपमा सञ्चालन हुने संयोजक पौडेलले बताउनुभयो। घरबाटै कुटोकोदालो, गैँती, बेल्चाजस्ता औजार लिएर स्थानीय बासिन्दा सरसफाइमा जुट्ने गरेका हुन्। उक्त अभियानमा नेपाल रेडक्रस सोसाइटी, हटिया शाखाका अध्यक्ष नवराज गौतम, गलकोट बहुमुखी क्याम्पसका प्रध्यापनरत खिमनाथ गौतमलगायत विभिन्न क्षेत्रका व्यक्तिहरू सक्रिय छन्।

संयोजक पौडेल पनि शिक्षण पेसामा सक्रिय हुनुहुन्छ। सुरूमा पाँच जनाबाट सुरू भएको उक्त अभियानमा अहिले झण्डै ५० जना आबद्ध हुनुभएको छ। हरेक शनिबार बिहानको समयमा सरसफाइ अभियान सञ्चालन हुने गरेको छ। सरसफाइप्रति समुदायस्तरमा जनचतेना अभिवृद्धिका लागि उक्त अभियान सुरू गरिएको संयोजक पौडेलले बताउनुभयो।



# पोखरामा सोलो प्याराग्लाइडिङ उडान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

पर्यटनको राजधानि पोखरामा करिब ३३ महिना पछि साहसिक खेल प्याराग्लाईडिङको सोलो (एकल) प्याराग्लाइडिङ उडान पुनः सुरु भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले सुरक्षालाई विशेष ध्यान दिँदै सोलो उडानलाई पुनः अनुमति दिएसंगै हाल पोखरामा सोलो प्याराग्लाइडिङ उडान संचालन भएको हो।



पर्यटनको हाल अफ्‌सिजन र बर्षाद मौसम भएकोले गर्दा दैनिक जसो ५/७ जना अनुभवी र डेण्डम पाइलटहरुले नै एकल उडान गर्न सुरु गर्नु भएको नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष अनिल केसीले बताउनु भयो। विदेशी र नयाँ प्याराग्लाइडिङ पाइलटहरुको हकमा भने केही समय पश्चात अभिमुखिकरण कार्यक्रम सहित रेडियो र जिपिएसको समेत व्यबस्था गरेर मात्र सोलो उडानको लागि सहजीकरण गरेको उहाँले जनाउनु भयो। तत्काल सोलो प्याराग्लाइडिङ गर्न चाहेमा विदेशी र नयाँ प्याराग्लाइडिङ पाइलटहरुलाई समय व्यबस्थापन देखि रेडियो र जिपिएस जडानको बिषयमा हाल पोखरा अन्तराष्ट्रिय विमानस्थल स्थल नागरिक उड्डयन कार्यालयसंग समेत समन्वय गरी सम्बन्धित प्याराग्लाइडिङ कम्पनीको समन्वयमा मात्र उडान गर्न दिने भएको नाले जनाएको छ।

विश्वकै उत्कृष्ट पाँच प्याराग्लाइडिङ गन्तव्यमध्ये एक मानिने पोखरामा सोलो उडान बन्द हुँदा हरेक वर्ष करोडौंको राजस्व गुम्दै आएको अध्यक्ष केसीले दाबी गर्नुभयो। साथै, खुला नेपाल प्याराग्लाइडिङ प्रतियोगिता र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ असोज ३० गते देखि उक्त उडान बन्द भएसंगै नाले हरेक बर्ष आयोजना गर्दै आएको खुल्ला नेपाल प्याराग्लाइडिङ प्रतियोगिता विगत ४ बर्ष देखि प्रभावित हुदै आएको छ। पोखरा भ्रमण बर्ष २०२५ मनाई रहदा पोखराको मुख्य पर्यटकको आकर्षणको रुपमा रहेको प्याराग्लाइडिङ प्रतियोगिता संचालनको लागि महानगर,गण्डकी प्रदेश सरकार र नेपाल पर्यटन बोर्डले आवश्यक सहयोग गरेको खण्डमा यही अग्रेंजी बर्ष भित्रमा राष्ट्रिय एवं खुल्ला प्याराग्लाइडिङ प्रतियोगिता आयोजना गर्ने आफुहरु योजनामा रहेको अध्यक्ष केसीले सुनाउनु भयो। क्यानको मनोरन्जनात्मक उड्डयन शाखा प्रमुख ज्ञानेन्द्र भुलले हस्ताक्षर गरेको सोलो प्याराग्लाईडिङ अनुमतिको पत्रमा प्राधिकारीक संस्था ना र पोखरा अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय पोखरालाई बोदार्थ सहित आवश्यक स्थलगत अनुगमन गर्न हुन अनुरोध समेत गरिएको छ। क्यानबाट सोलो प्याराग्लाईडिङ अनुमति प्राप्त भएसंगै सबै कम्पनी तथा पाइलटहरुलाई जानकारी गराएसंगै साउनको पहिलो हप्ताबाटै सोलो प्याराग्लाईडिङ संचालन सुरु गरेको अध्यक्ष केसीले बताउनु भयो।

मान्द्रेढुंगाबाट पुनः तोरीपानीमा प्याराग्लाईडिङ उडानको अनुमतिले पछिल्लो समयमा करिब २० प्रतिशत प्याराग्लाईडिङ गर्ने पर्यटनको सङ्ख्यामा बृद्धि भएको अध्यक्ष केसीले दाबी गर्नु भयो। पामेबाट पुन खपौदीमा ल्याण्डिङ गर्ने अनुमतिले पर्यटकहरु समेत फेवातालको आकासमा उड्न पाउदा निकै खुसि हुदै बुकिङ समेत उत्साहपूर्ण रहेको उहाँले जनाउनुभयो।

हालसम्म करिब ४ सय पाइलटले लाइसेन्स प्राप्त गरेका छन् भने २४० जना प्रत्यक्ष रूपमा यो पेसामा आबद्ध छन अन्य विभिन्न पेशामा त केही विदेशीन बाध्य भएको नाले जनाएको छ। सोलो उडान बन्द हुनुको प्रमुख कारण नवौं राष्ट्रिय खेलकुदमा सहभागी नेपाली सेनाका खेलाडी निसिम थापा मगरको दुर्घटनामा निधन हुनु थियो। उहाँ सराङकोटबाट उडे लगत्तै करिब १०० मिटरमाथिबाट खस्नुभएको थियो। गम्भीर घाइते अवस्थामा अस्पताल पुऱ्याइएका थापालाई चिकित्सकहरूले मृत घोषणा गरेका थिए।

उक्त घटनापछि क्यानले अनिश्चितकालका लागि सोलो उडान बन्द गरेको थियो। यस अघि पोखरामा प्याराग्लाईडिङको प्रि वर्ल्ड कप भएको थियो भने स्याङजाको स्वरेकमा वर्ल्ड कप भएको थियो।

# नाग दोषबाट मुक्ति मिल्ने विश्वासको तीर्थस्थल कमलपोखरी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

पोखरा महानगरपालिका-१३ कुँडहरस्थित कमलपोखरीले नागजन्य दोषबाट मुक्ति मिल्ने तीर्थस्थलका रूपमा चासो र चर्चा कमाएको छ। प्राचीन कालदेखि नागको वासस्थानका रूपमा रहेको विश्वास मानिने यो तीर्थस्थलमा हरेक वर्ष नाग पञ्चमीका दिन विशेष मेला लाग्छ।

नागपञ्चमीमा यस तीर्थस्थलमा आएर नागको दर्शन गरेमा नागजन्य विभिन्न दोषबाट मुक्ति मिल्ने विश्वास रहेको मादी गाउँपालिका-५ चितेपानीकी मेनुका अधिकारीले बताउनुभयो। नागपञ्चमीमा यहाँ आएर दर्शन गरेमा नागजन्य विभिन्न दोषका साथै प्रकृतिजन्य बाढीपहिरो, खोलानाला, चट्याङ्ग आदिको प्रकोपबाट मुक्ति मिल्ने विश्वासका कारण यहाँ टाढाटाढाबाट दर्शनार्थी आउने गर्दछन्। विश्व रामसार सूचीसमेतमा सूचीकृत यो ताल नाग र यहाँ फूल्ने कमलको फूलका कारण परिचित छ। पोखराको मुख्य बजार क्षेत्र नजिकै रहेको कमलपोखरी ढकमक्क कमल फूल ढाकिनुका साथै नागको बासस्थान रहेको प्राचीन जनविश्वाससमेतले यसको महत्व र गरिमा बढाएको हो। पछिल्ला वर्षमा तालको



अवलोकनका साथै यहाँ पाइने विभिन्न प्रजातिका चराचुरुङ्गी हेर्न पर्यटक आउने गरेका स्थानीयवासी चित्रबहादुर रानाले बताउनुभयो। पर्यटक आउने क्रम बढ्दो रूपमा रहे पनि यसको उचित व्यवस्थापन नहुँदा ताल पुरिने चिन्ता रहेको उहाँले बताउनुभयो। “कमलपोखरी तालललाई व्यवस्थित गर्न सके यो पर्यटकीय गन्तव्य बन्न सक्छ”, रानाले भन्नुभयो, “यसका लागि स्थानीयवासीसँगै राज्यका सबै निकायको ध्यान पुग्नु जरुरी छ।” यहाँको संरक्षणमा स्थानीय दलित समूदाय चार दशकदेखि लागिपरेको कमलपोखरी संरक्षण समितिका सचिव तिलबहादुर सुनारले जानकारी दिनुभयो। तालको संरक्षण गर्न स्थानीयवासी २०४५ सालदेखि नै सङ्गठित बन्दै आएका छन्। विसं १९९० सालको नापीमा कमलपोखरीको कूल क्षेत्रफल १८२ रोपनी रहेको सुन्नमा आएपनि अहिले यसको नाममा ३२ रोपनी मात्र जग्गा मात्रै रहेको उहाँले बताउनुभयो। पछिल्लो समय यहाँ स्थानीयको सकृयतामा विभिन्न संरचना निर्माण गरिएका छन्।

ताल संरक्षण गर्न विभिन्न पूर्वाधार निर्माण थालिएको पोखरा महानगरपालिका-१३ का वडाध्यक्ष किरण बरालले बताउनुभयो। ताल वरपर पैदल मार्ग बनाउन सङ्घीय सरकारले रु ४० लाख विनियोजन गरेको छ। तालमा आउने खोलालाई बाँधसहित व्यवस्थित बनाउन रु २५ लाख विनियोजन भई काम अघि बढाइएको सचिव सुनारले बताउनुभयो।

विश्व रामसार सूचीमा सूचिकृत कमलपोखरी परिसरमा प्रत्येक वर्ष नागपञ्चमीमा मेला लाग्छ। करिब साढे चार दशकअघिसम्म कमलपोखरी बुडुवा तालका रूपमा चिनिन्थ्यो। तालको बीच भागमा नागको सुन्दर मूर्तिसहित किनारमा राधाकृष्ण, गणेश, नाग र बाबा विश्कर्माको मन्दिर छ।

# धारिलो हतियार प्रयोग गरी बालिकाको हत्या

**रासस**
जनकपुरधाम, १३ साउन

जनकपुरधाम उपमहानगरपालिका-४ मा धारिलो हतियार प्रहार गरी एक बालिकाको हत्या गरिएको छभने र दुईजना घाइते भएका छन्।

कटैयाचौरी भन्ने स्थान नजिक भएको सो घटनामा बटेश्वर गाउँपालिका-५ शान्तिपुरका दिनेश यादवकी १४ वर्षीया छोरी अञ्चली यादवको मृत्यु भएको प्रहरीले जनाएको छ। अञ्चलीकी आमा ३६ वर्षीया आशा यादव र आशाकी १५ वर्षीया भतिजी राधा यादव घाइते छन्। उनीहरूलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार सूर्यनन्द चौधरीको एकतले पक्की घरमा डेरा गरेर बस्ने धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-९ इच्छापुरका ३५ वर्षीय रामबाबु साहले सोमबार राति ती तीनै जनामाथि खुकुरी प्रहार गरेका थिए। आशाको टाउको र शरीरको विभिन्न भागमा घाउ लागेको छभने राधाको दाहिने घुँडा र दाहिने हात काटिएको छ। अञ्चली जनकपुरमा डेरा गरी आमासँग बसेर पढिरहेकी थिइन्।

साह आफ्नै श्रीमतीको हत्या अभियोगमा पाँच वर्ष जेल सजाय काटेका व्यक्ति हुन्। मधेश प्रदेश प्रहरी प्रमुख उमा चतुर्वेदीले घटनाको अनुसन्धान भइरहेको र हत्या अभियुक्तको खोजी भइरहेको जानकारी दिनुभयो।

# तनहुँमा नाबालक परिचयपत्र लिने बालबालिकाको सङ्ख्यामा वृद्धि

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ साउन

जिल्ला प्रशासन कार्यालयबाट नाबालक परिचयपत्र लिने बालबालिकाको सङ्ख्या पछिल्लो समय बढ्दै गएको छ। अभिभावक वैदेशिक रोजगारीमा जाने क्रम बढ्दै गएसँगै बसाइँसराइ गनेगरी नाबालक परिचयपत्र लिने बालबालिकाको सङ्ख्यामा बृद्धि भएको हो।

जिल्ला प्रशासन कार्यालको तथ्याङ्कका अनुसार आर्थिक वर्ष २०८१/८२ मा दुई सय ९३ बालिका र तीन सय १३ बालक गरी छ सय छ बालबालिकाले नाबालक परिचयपत्र लिएका थिए। प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले छ सय जनाले नयाँ नाबालक परिचयपत्र लिएका छन् भने छ जनाले प्रतिलिपि लिएका जानकारी दिनुभयो। अभिभावक बैदेशिक रोजगारीमा गएपछि परिवारलाई लैजाने क्रमसँगै नाबालक परिचयपत्र लिने बालबालिकाको सङ्ख्या विगतका वर्षमा भन्दा बढेको जनाइएको छ। आव २०८०/८१ मा पाँच सय २९ बालबालिकाले नाबालक परिचयपत्र लिएका छन्। सो अवधिमा पाँच सय १५ बालबालिकाले नयाँ नाबालक परिचयपत्र लिएका थिए भने १४ जनाले प्रतिलिपि लिएका कार्यालयको तथ्याङ्कमा उल्लेख छ। आव २०७९/८० मा चार सय ३९ बालबालिकाले नाबालक परिचयपत्र लिएका थिए। कोभिड महामारीका कारण वैदेशिक रोजगारीमा जाने क्रम यस्तो परिचलपत्र लिनेक्रम कम भए पनि पछिल्लो समय बढ्ने क्रममा रहेको छ।

आव २०७८/७९ मा दुई सय ७८, आव २०७७/७८ मा एक सय ८६ बालबालिकाले नाबालक परिचयपत्र लिएका तथ्याङ्कमा उल्लेख छ। अभिभावकसँगै बालबालिकाको पनि बसाइँसराइ हुने भएकाले नाबालक परिचयपत्र लिने बालबालिकाको सङ्ख्या बृद्धि हुनसक्ने प्रजिअ अधिकारीले बताउनुभयो। उहाँका अनुसार बालबालिकासहित स्वदेशभन्दा बढी वैदेशिक बसाइँसराइ बढ्दो क्रममा छ। यसले नाबालक परिचयपत्र लिने बालबालिकाको तथ्याङ्क नै बढिरहेको छ। स्वदेश केही पनि छैन भन्ने भ्रमले पनि पूर्ण रूपमा बसाइँसराइ गर्नेगरी नाबालक परिचयपत्र बनाउने क्रम बढेको छ।

उहाँले भन्नुभयो, “सामाजिक सञ्जाललगायत एकापसमा कुराकानी गर्दा नेपालमा केही छैन भन्ने नकारात्मक सोचले विक्षिप्त भएर विदेशिने क्रम बढेको छ। जसले तथ्याङ्कमा बालबालिकाको नाबालक परिचयपत्र बन्ने क्रम बढ्दो देखिन्छ।” स्वदेशमा पनि गरे सहज छ भन्ने सोचको विकास गर्नुपर्ने अवस्था रहेको उहाँको बुझाइ छ। युवालाई स्वदेशमै रहनेगरी शिक्षा, स्वास्थ्यसँगै शैक्षिक तथा सीपका आधारमा रोजगारीको व्यवस्थापन आवश्यक रहेको प्रजिअ अधिकारील औँल्याउनुभयो। उहाँले भन्नुभयो “स्वदेश आमनागरिकलाई आवश्यक सेवासुविधाको विकास भइरहेको छ। तर, अहिले युवामा बढी राजनीतिक, सामाजिक तथा पारिवारिक भविष्यको चिन्ताले विदेशिने गरेका पाइन्छन्। यस्ता कार्यलाई रोक्न वा न्यूनीकरणका निम्ति प्रोत्साहित तथा स्वदेशमै रहने वातावरण बनाउन तीनै तहको सरकारले ध्यान दिनुपर्ने अवस्था छ।”


**Wanted**

| | |
|---|---|
| Reception/ Front Desk | - 10 Person (Female) |
| Waitress | - 8 Person |
| F&B Executive | - 1 Person |
| Housekeeping | - 6 Person |
| Dishwasher | - 2 Person |
| Store/Purchase | - 2 Person |
| Account | - 1 Person |
| HR | - 1 Person |

**Contact:**
**Maharaja The Royal Casino**
Hallan Chowk- 6
Mobile No. 9766480428


# रंगशालाको...

आकाशमा उक्त प्लाई उड उपयुक्त नहुने कम्पनीले जनाएको छ। ठेक्दार कम्पनीले फान्सबाट उक्त प्लाई उड ल्याईएको थियो। स्टेडिएमको पुरै सिटहरु निकालेर मेटल प्लेट परिवर्तन गर्न करिव ७ करोड खर्च हुने र खर्च निमार्ण कम्पनीले व्योहर्ने उहाँले जनाउनु भयो। करिब २ देखि ३ महिना भित्र उक्त मेटल प्लेट परिवर्तन गरिने भएको प्रोजेक्ट म्यानेजर बरालले जनाउनुभयो। स्टेडियमा राखिएका एक लाख चार सय तीन वर्गफिट प्लाई उड काम नलाग्ने अवस्थामा पुगेको कम्पनीले उल्लेख गरेको छ।

२६ फागुन ०७५ मा शिलान्यास गरि निमार्णको काम सुरु भएकोमा निमार्ण सम्पन्न गरि २८ असोज ०७९ मा निमार्ण कम्पनीले राष्ट्रिय खेलकुद परिषदलाई स्टेडियम हस्तान्तरण गरेको थियो। १८ हजार पाँच सय सिट क्षमताको प्याराफिट सहितको स्टेडियम एक अर्ब २८ करोड रुपैयामा निमार्ण सम्पन्न भएको हो। ५० वर्षका लागि भनी निमार्ण गरिएको स्टेडियमको फ्लोर प्लेटका प्लाई उडहरु दुई वर्षअघि देखि नै कुहिने समस्या देखिएको थियो। हाल आएर प्रयोग गर्न नमिल्ने अबस्था आएपछि फेर्न ठेक्दार कम्पनीलाई आग्रह गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले बताउनुभयो। फ्लोर प्लेटका प्लाई उडहरु सुरुमा राम्रै थियो तर पछि मक्किन र कुहिन सुरु गरेपछि समस्या आएको उहाँले जनाउनु भयो। केही बर्ष अघिदेखि उक्त प्लाई उड फेर्नुपर्छ भनेर भन्दै आएको अबस्थामा हाल ठेक्दार कम्पनीले उक्त फुटबल स्टेडिएमको भुईमा बिछ्याईएको प्लाई उडको सट्टा मेटल प्लेट फेर्न लागेकोले अब भने दिगो हुने अध्यक्ष गुरुङले विश्वास व्यक्त गरे। केही भएमा निमार्ण कम्पनीले १२ वर्षसम्म बनाउनुपर्छ भन्ने सम्झौता रहेछ सोही अनुसार कम्पनीले सिट फेर्न सुरु गरेको अध्यक्ष गुरुङले जनाउनु भयो।

फुटबल स्टेडिएमको भुईमा बिछ्याईएको प्लाई उडमा धेरै समस्या देखिएपछि फान्सको कम्पनीका इन्जिनियरहरु आएर स्थलगत अवलोकन समेत गरेको बताइन्छ। हाल राखिएको मेटल प्लेट भने चितवनस्थित जलप नेपालमा तयार गरिएको हो। स्टेडियममा एक लाख बर्ग फिटका मेटल प्लेट जडान गर्ने भएको कम्पनीले जनाएको छ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# गौरवका आयोजना चाँडो सम्पन्न होउन

राष्ट्रिय गौरवको योजनामा समावेश रानीजमरा कुलरिया सिँचाइ आयोजनाको उद्घाटन भएको छ । डेढ दशकदेखि कैलालीमा निर्माणाधीन अवस्थामा रहेको सिँचाइ आयोजनाको प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार उद्घाटन गरेका छन । प्रधानमन्त्री ओलीमार्फत रानी, जमरा र कुलरिया तर्फको १४ हजार ३ सय हेक्टर सिँचाइ, ४.७१ मेगावाट क्षमताको जलविद्युत् तथा प्रसारण लाइनको उद्धाटन गरिएको छ । रानीजमरा कुलरिया सिँचाइ आयोजना हालसम्म आयोजनाको ७५ प्रतिशत काम सम्पन्न भएको छ।

'सिंगो आयोजनाको काम ७५ प्रतिशत मात्रै सकिए पनि १४ हजार तीन सय हेक्टरमा सिँचाइ गर्न तथा जलविद्युत् र प्रसारण लाइन निर्माणको काम सकिएपछि उद्घाटन गरिएको हो,' बाँकी २५ प्रतिशत काम भने छ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ।' यस्तै, ४.७१ मेगावाट क्षमताको जलविद्युत् तथा प्रसारण लाइनको काम पनि सम्पन्न भएको छात्यसको सञ्चालन तथा व्यवस्थापन कार्यविधि भने अझै स्वीकृत भएको छैन । आयोजनाले एक अर्ब रुपैयाँ खर्च गरेर जलविद्युत् गृह निर्माण गरेकोमा उत्पादित विद्युत् बिक्री गरी २५ वर्षमा सिँचाइ आयोजनाको सम्पूर्ण लगानी उठ्ने अनुमान गरिएको छ।

आर्थिक वर्ष २०६६-६७ सालमा आयोजनाको निर्माण सुरु भएको थियो । आयोजनाको मूल उद्देश्य रानी, जमरा र कुलरिया सिँचाइ प्रणालीको १४ हजार तीन सय हेक्टर, नयाँ शाखा नहर विस्तारमा छ हजार हेक्टर र सिञ्चित क्षेत्र विस्तारअन्तर्गत पथरैयादेखि कान्द्रा नदीसम्मको थप १८ हजार हेक्टर गरी ३८ हजार तीन सय हेक्टर खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने हो । नेपाल सरकारबाट स्वीकृत गुरुयोजनाअनुसार २० हजार तीन सय हेक्टर क्षेत्रफलको निर्माण कार्य आर्थिक वर्ष २०८०-८१ मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर, उक्त काम सम्पन्न हुन अझै छ वर्ष लाग्ने देखिएको हो । नेपाल सरकार तथा विश्व बैंकको संयुक्त लगानीमा आर्थिक वर्ष २०६७-६८ देखि आर्थिक वर्ष २०८०-८१ सम्ममा सम्पन्न गर्ने लक्ष्यका साथ कुल लागत २७ अर्ब ७० करोड २५ लाखको खरिद गुरुयोजना १५ चैत २०७४ मा स्वीकृत भएको थियो । तर, निर्धारित समयमा काम सम्पन्न नहुँदा आयोजनाको लागत पनि बढ्दै गएको छ।

सिंचाइका साथै विद्युतको उत्पादन गरिएको आयोजनाबाट कैलालीको जानकी गाउँपालिका-९, कटासेस्थित सिँचाइ नहरमा विद्युत् उत्पादन भएर ३३ केभी प्रसारण लाइनमा जोडिएको छ। राष्ट्रिय गौरवको रानी जमरा-कुलरिया सिँचाइ आयोजनाको दोस्रो चरण निर्माण पूरा भएर अब तेस्रो चरणका कार्यक्रम सुरु भएको छ । आयोजनाले विगतमा टीकापुर, लम्कीचुहा र जानकी गाउँपालिकामा सेवा दिँदै आएको थियो। तेस्रो चरणमा भजनी, जोशीपुर, बर्दगोरिया, घोडाघोडीलगायत पालिकामा सिँचाइ विस्तार र कृषि उत्पादन वृद्धि गर्नेछ। यो आयोजनालाई नेपालको जलस्रोत तथा ग्रामीण कृषि क्षेत्रको विकासमा ऐतिहासिक उपलब्धि हो। यसले नेपालको ग्रामीण जीवनशैली, कृषि उत्पादन, ऊर्जा आत्मनिर्भरता र खाद्य सुरक्षाको चित्रण गर्नेछ।

१२० वर्षअघि स्थानीय किसानको सामूहिक प्रयास र परम्परागत सिपबाट सुरु भएको रानी जमरा-कुलरिया प्रणालीलाई आधुनिक स्वरूपमा विस्तार गरिएको छ। स्थानीय सहभागिता र सरकारको समन्वयबाट यो सफलताको जग खडा भएको छ। राष्ट्रिय गौरवका सिँचाइ आयोजना–सिक्टा, बबई, महाकाली तेस्रो, भेरी-बबई र सुनकोशी-मरिन बहुद्देश्यीय आयोजना चाँडो सक्न सकेमा जनताले परिवर्तनको अनुभूति गर्नेछन् । विकासको काममा राजनीति नगरी सबैको सहयोग रहेमा देशले चाँडै कोल्टे फेर्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चितवन निकुञ्जमा बाघ पाल्न बजेट अभाव



पोखरापत्र संवाददाता
चितवन, १३ साउन

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रबाट नियन्त्रणमा लिइएका बाघ पाल्न मुस्किल हुने गरेको छ । बजेट अभावमा बाघ पाल्न कठिन हुने गरेको हो ।

चितवन राष्ट्रिय निकुञ्जको खोरमा सात बाघ रहेका छन् । निकुञ्जको मुख्य कार्यालय कसरामा तीन, सौराहामा दुई र देवनगरमा दुई बाघ छन् । मानव बस्तीमा पसेर हिंस्रक गतिविधि गरे वा बिरामी भएमा बाघलाई नियन्त्रणमा लिएर खोरमा राख्ने गरिन्छ। दैनिक मासु खुवाउनु पर्छ। निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार वार्षिक रूपमा ती बाघ पाल्न रु ३० लाख हाराहारी बजेट चाहिन्छ । एउटा बाघलाई दैनिक पाँच किलोदेखि सात किलो राँगाको मासु खुवाउनुपर्ने हुन्छ। सरकारले नियन्त्रणमा लिइएका बाघ पाल्न वार्षिक रु पाँच लाख हाराहारी मात्रै बजेट छुट्याउने गरिएको उहाँले बताउनुभयो । सूचना अधिकारी थापामगरले भन्नुभयो, "गत आर्थिक वर्षमा बाघका लागि रु २२ लाख हाराहारी मासुको भुक्तानी गर्न बाँकी छ। एक महिनामा सात बाघलाई दैनिक पाँच किलोका दरले राँगाको मासु खुवाउँदा मासिक रु दुई लाखभन्दा बढी खर्च हुन्छ। बाघलाई दैनिक मासु खुवाइरहेको भए पनि रकम भुक्तानी गर्न नसकिएको उहाँले जानकारी दिनुभयो। "खोरमा थप बाघ राख्ने ठाउँ छैन", सूचना अधिकारी थापामगरले भन्नुभयो । राख्ने ठाउँ नभएपछि गत वर्ष एउटा बाघ पर्सा पठाइएको थियो । बर्सेनि बाघको आहाराका लागि बजेट घट्दै जाने र नियन्त्रणमा लिनुपर्ने बाघ थपिँदै जाने हुँदा समस्या भएको उहाँले बताउनुभयो । पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयस्क बाघ १२८ रहेका छन्। आहारा प्रजातिको सङ्ख्या बढ्दै जाँदा बाघको सङ्ख्या पनि बढ्दै गएको छ।

# पुम्दी-भुम्दी दोस्रो पर्वतीय दौडलाई ग्लेज नेचुरल स्प्रिङ वाटरको साथ

पोखरापत्र संवाददाता
पोखरा, १३ साउन

पुम्दी-भुम्दी दोस्रो पर्वतीय दौड प्रतियोगिता २०८२ का लागि लोकप्रिय ब्रान्ड ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिने भएको छ । आउँदो असोज ४ गते आयोजना हुने प्रतियोगितामा आवश्यक पिउने पानी उपलब्ध गराउन पोखरा नेचुरल फुड्स एण्ड वेभरेज प्रा.लि. (उत्पादक) र पोखरा क्लिक प्रा.लि. (आयोजक) बीच सम्झौता भएको हो ।

मंगलबार भएको सम्झौतामा ग्लेज वाटरका निर्देशक शरदचन्द्र बराल र पोखरा क्लिकका अध्यक्ष एवं प्रतियोगिताका संयोजक दीननाथ बरालले हस्ताक्षर गरे। कम्पनीका निर्देशक बरालका अनुसार ग्लेज वाटर पोखरा-१३ को प्राकृतिक मुहानको पानीबाट प्रशोधन गरिएको भएकाले यसको शुद्धता र गुणस्तरका कारण बजारमा माग उच्च रहेको छ । तीन वर्षअघि स्थापना भएको यो ब्रान्डले पोखरासँगै कास्कीका ग्रामीण क्षेत्र, तनहुँ, लमजुङ हुँदै हिमालपारिको जिल्ला मुस्ताङसम्म सेवा पुऱ्याउँदै आएको बरालले जानकारी गराए । अघिल्लो संस्करणदेखि नै आधिकारिक ड्रिङ्किङ वाटरको रूपमा साथ दिएकोमा आभार व्यक्त गर्दै संयोजक बरालले विश्व पर्यटन दिवस तथा विश्व शान्ति दिवसका सन्दर्भमा खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको प्रतियोगितामा ग्लेज वाटरको सहयोगले यस दोस्रो संस्करणलाई अझ भव्य र सफल बनाउन सहयोग पुग्ने बताए । उक्त प्रतियोगिता सम्पन्न गर्न, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय र पोखरा महानगरपालिका वडा नं. २२ को सहकार्यम रहेको छ। प्रतियोगितामा मेडिकल पार्टनरका रूपमा रहेको नेलम्बो नेपालले तेस्रो पुरस्कार समेत प्रायोजन गरेको छ । यस्तै प्रतियोगिताको अफिसियल टेलिभिजनतर्फ सिटीवान टेलिभिजन रहेको छ। प्रतियोगितालाई सफल बनाउन विश्व शान्ति स्तुपः समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घेरेडी बुद्ध पार्क समिति, परिचय एड्भर्टाइजिङ, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, पोखरा महानगरपालिका २२ को वडा युवा परिषद लगायत स्थानीय व्यावसायिक संस्थाहरूको सहयोग रहने पोखरा क्लिकले जनाएको छ।

# श्रावण शुक्ल पञ्चमी: घरघरमा नाग टाँसियो

पोखरापत्र संवाददाता
पोखरा, १३ साउन

घरघरमा नाग टाँसेर सोमबार नागपञ्चमी पर्व मनाइएको छ।

नागपञ्चमीमा घरको मूल ढोकामाथि नागको तस्बिर टाँसेमा नाग, सर्प, बिच्छीजस्ता जीवबाट वर्षभरि दुःख नपाइने धार्मिक विश्वास छ।

मंगलबार काठमाडौँको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत देशका नागदह, नागकुण्ड र नागस्थानहरूमा नागको पूजाआराधना गरी मेला लागेको थियो । पशुपतिनाथ मन्दिर परिसरमा रहेको वासुकी मन्दिरमा पनि विशेष पूजा गरिएको थियो।

नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानहरू आराम गर्ने गर्दछन् । खनजोत गरेमा नाग मारिन्छन् भन्ने ठानेर त्यसो गरिएको हो ।

# मौरीपालनबाट वार्षिक ६५ लाख आम्दानी

पोखरापत्र संवाददाता
बागलुङ, १३ साउन

बागलुङ नगरपालिका-१२ अमलाचौरका डिलबहादुर केसीको नाम मौरीपालन व्यवसायमा चर्चित छ । उहाँ मौरीबाजेको नामले बढी चिनिनुहुन्छ।

केसीले बलेवा मौरीपालन उद्योग सञ्चालन गर्नुभएको छ । विसं २०५६ मा १० हजार लगानीमा दुई मौरीको घारबाट थालिएको मौरीपालन व्यवसायमा उहाँले अहिले रु एक करोड लगानी गरिसक्नुभएको छ । उद्योगका रूपमा स्थापित भएको मौरीपालन व्यवसायका कारण सिँगो बलेवा समेत परिचित हुँदै आएको छ।

एक/दुई घार हुँदै थपिएका मौरीका घार अहिले ३५० पुगेका छन् भने उद्योगबाट वार्षिक दुई हजार ५०० मौरीका घार देश भरका विभिन्न जिल्लामा बिक्री भइरहेका छन् । केसीका दुई छोराले उद्योगलाई प्रविधिसँग जोडेर आधुनिक मौरीका घार बनाइरहेका छन्। "मत ६० वर्ष कटे, मौरीको स्याहार मात्रै गर्छु। छोरा जगत र जनकको नेतृत्वमा थप छ जनालाई रोजगारी दिएर आधुनिक मौरीका घार उत्पादन भइरहेका छन्, अहिले चितवनबाट ४०० मौरीका घारको माग आएपछि उद्योगमा धमाधम काम भइरहेको छ", केसीले भन्नुभयो "देशभरका विभिन्न जिल्लाबाट अनुदानमा वितरण गर्ने मौरीका घार यही उद्योगमा निर्माण हुन्छन्, अहिले १० लाखमा युरोपबाट काठ काट्ने आधुनिक उपकरण लिएका छौँ, मौरीको मह बिक्री, मौरीगोलासहितको घार तथा अन्य घार मात्रै बिक्रीबाट पछिल्लो एक वर्षमा मात्रै रु ६५ लाख आम्दानी भयो।" केसीका चार छोरामध्ये अहिले दुई छोराले बुबाको सिप र दुःखलाई पछ्याइरहेका छन् । वार्षिक तीन क्विन्टलसम्म मह उत्पादन तथा एक वर्षमा दुई हजार ५०० मौरीका घार उत्पादन गरेर बिक्री गर्दै आएको छोरा जगत केसीले जानकारी दिनुभयो । उहाँले अहिले तीन चरन क्षेत्रमा ३५० मौरीका घारमा मह उत्पादन भइरहेको जानकारी दिनुभयो । "बाबाको बिँडो सम्हालेका मात्रै हौँ, बाबाले मौरीपालन गर्दै आउनुभएको थियो, पछि फर्निचरसमेतको काम जान्नुभएकाले आफूलाई चाहिने मौरीको घार आफैँ बनाउने गर्नुभएको छ, घारको माग बढ्न थाल्यो, उद्योगलाई प्रविधिसँग जोड्न मात्रै हामीले सघाएका छौँ" छोरा जगतले भन्नुभयो, "अहिले घार उत्पादन फर्निचरमा छ जनालाई रोजगारी दिएका छौँ, तीन स्थानमा मौरीको चरन क्षेत्र विस्तार गरेका छौँ, चितवनका लागि ४०० मौरीका आधुनिक घार बिक्री गर्ने तयारी छ ।" केसीले आधुनिक उपकरणबाट काठ काट्ने, जोड्ने तथा रङ्ग लगाउने गर्नुहुन्छ । दुई वर्षअघि २३६ घार भारतको सिक्कमसम्म निर्यात गरेको जिकिर गर्दै उहाँले विभिन्न जिल्लामा अनुदानमा वितरण गर्ने गोलासहित र गोला रहितको घार उत्पादन गर्दै आएको बताउनुभयो।

मौरीको गोलासहितको घारलाई रु १० हजार र मौरीको गोलारहितको खाली घारलाई रु चार हजारदेखि रु पाँच हजारसम्म बिक्री गरिएको केसीले जानकारी दिनुभयो। आम्दानीको ३० देखि ४० प्रतिशत रकम बचत भएको छ। केसीले गत आर्थिक वर्षमा रु ६५ लाखको मह र मौरीका घार बिक्री गर्दा रु २५ लाख नाफा भएको बताउनुभयो । मौरीको घार उत्पादन गर्न टुनीको काठ खरिद, विद्युत् महशुल, कर्मचारी तलबलगातमा उद्योगले लाखौँ रुपैयाँ खर्च गरिरहेको छ। टुनीको काठबाट बनेका घारको माग बढी छ। बजारमा स्थानीय तहले सघाउन सकेमा आफ्नो उद्योगले सयौँ नागरिकलाई रोजगारी दिन सकिने केसीले बताउनुभयो । "घार उत्पादनमा समस्या छैन, बजारीकरण गर्न कागजी प्रकृया नै झन्झटिलो छ", उहाँले भन्नुभयो।

बलेवा मौरीपालन उद्योगमा उत्पादित मह प्रतिकिलो रु एक हजारमा बजारमा बिक्री हुने गरेको छ । उद्योगलाई बागलुङ नगरपालिकाले रु १८ लाख अनुदान दिएको केसीले बताउनुभयो।

# मसालाबाली खेती गर्ने किसानलाई अनुदान

पोखरापत्र संवाददाता
म्याग्दी, १३ साउन

फलफूल, तरकारी, खाद्य र मसालाबाली खेती गरेका किसानलाई गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा रु दुई करोडभन्दा बढी अनुदान वितरण गरेको छ।

कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गतको म्याग्दी कृषि ज्ञान केन्द्रले सञ्चालन गरेको कार्यक्रममार्फत रु दुई करोड १२ लाख ९५ हजार अनुदान वितरण भएको हो। केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले विभिन्न १२ वटा अनुदानका कार्यक्रमका लागि रु दुई करोड ४७ लाख ४० हजार विनियोजन भएकामा ८६ प्रतिशत खर्च भएको जानकारी दिनुभयो । "प्रदेशसरकारकोकार्यविधिअनुसार सार्वजनिक सूचनामार्फत आवेदन सङ्कलन, स्थलगत निरीक्षण, मूल्याङ्कन र छनोट भएका समूह, सहकारी तथा फार्मसँग सम्झौता गरेर कार्यक्रम कार्यान्वनय भएको हो", उहाँले भन्नुभयो, "कार्यक्रमअनुसार ५० देखि ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराएका छौँ ।" गत वर्षका योजना तथा कार्यक्रमबाट ८१ वटा मिनीटिलर खरिद, १० वटा कुटानी पिसानी मिल, ८२ थान स्प्रेयर, सातवटा ब्रस कटर, २९ हजार १५० मिटर पाइप, ५३ वटा हिलट्र्याङक, छ सय मिटर सिँचाइ कुलो निर्माण र १६ वटा सिँचाइ पोखरी निर्माण भएका छन्।

सबैभन्दा बढी रु एक करोड २० लाख बजेट भएको समुदायस्तरमा खायन आलु प्रवर्द्धन आयोजनामार्फत एक हजार २५० रोपनी क्षेत्रफलमा आलुखेती गरेका सात सय ९३ जना किसान आबद्ध ३० वटा सहकारी र समूहलाई यान्त्रिकीकरण, साना सिँचाइ पूर्वाधार, बीउ, मलका लागि रु ८७ लाख ६४ हजार अनुदान उपलब्ध गराइएको छ । सुन्तलाजात फलफूल विकास आयोजनामार्फत तीन सय ७० रोपनीमा सुन्तला बगैँचा सुदृढीकरण र ४० रोपनीमा सुन्तला बगैँचा विस्तार गरेका ४३ वटा समूह, सहकारी र फार्मले प्रविधि, पूर्वाधार, विषादी र औजार खरिदका लागि रु ४७ लाख १४ हजार अनुदान पाएका छन्।

तरकारी बाली आयोजनामार्फत रु आठ लाख ६६ हजार, खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रमबाट रु नौ लाख ९२ हजार, फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रममार्फत रु छ लाख ६३ हजार, फलफूल बगैँचा स्थापना तथा विस्तारका लागि रु सात लाख २० हजार र मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धन आयोजनामार्फत रु पाँच लाख ९८ हजार अनुदान वितरण गरिएको छ।

परम्परागत बालीको प्रशोधन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रमबाट रु सात लाख ६१ हजार, परम्परागत बाली उत्पादन प्रवर्द्धन कार्यक्रमबाट रु नौ लाख २८ हजार, ग्रामीण पोषण सुरक्षण कार्यक्रममार्फत रु १७ लाख ८६ हजार र जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रममार्फत रु चार लाख ९८ हजार अनुदान उपलब्ध गराएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रले सञ्चालन गरेका विभिन्न प्राविधिक तालिममा नौ सय ९९ सहभागी भएका छन्।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख ओरस्टे–३, स्याङ्जाबाट पोखरा जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नाम : उषा सुनार**
**बिमालेख नम्बर : १३००७७८९१**
**सम्पर्क नम्बर :९८५६०३९१२४**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोनः ०६१–५२८८००**

## सार्वजनिक सूचना

कैलाली, टिकापुर-९ बस्ने यामनी तिवारीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३१ को कित्ता नं. ४३६७, ४३६९ को क्षेत्रफल १८०.८१४१ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व ५७०२, उत्तर सडक/बाटो पश्चिम ४३६६ दक्षिण ४४२५, ४४२३ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३१ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# धार्मिक पर्यटनसँग जोडिँदै बेगनास बराह

वासुदेव पौडेल
पोखरा, १३ साउन/रासस

बेगनासतालस्थित बेगनास बराह प्राचीनकालदेखि ठूलो आस्था र विश्वास बोकेको धार्मिकस्थल भए पनि यो अझै पनि प्रवर्द्धनको पर्खाइमा छ भन्दा अत्युक्ति नहोला । प्रचारप्रसार र पूर्वाधार विकासका कारण बेगनास बराहको अहिलेसम्म पनि धार्मिक पर्यटकीय उपयोग हुन सकेको छैन ।

धार्मिक आस्था एवं विश्वासका साथ परापूर्वकालदेखि पूजाआजा गर्दै आइएको बेगनास बराहको प्रचारप्रसारसँगै यहाँको धार्मिक पर्यटकीय महत्वलाई उजागर गर्नका लागि पछिल्लो समयमा यहाँका सामाजिक सङ्घसंस्था क्रियाशील बनेको बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्थाका अध्यक्ष ध्रुवनाथ अधिकारीले बताउनुहुन्छ ।

सात तालको बाटिका सहरका रुपमा चासो र चर्चा कमाएको कास्कीको लेखनाथस्थित बेगनासताल पारी किनारामा रहेको बराह क्षेत्रलाई धार्मिक पर्यटनसँग जोड्ने लक्ष्यका साथ यसको प्रचारप्रसारका साथै पूर्वाधार विकासका कामहरू अघि बढाइएको उहाँले जानकारी दिनुभयो । यहाँका बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्था, बेगनास ताल बराह संरक्षण समितिलगायतका संस्थाको सक्रियतामा बेगनास तालबराह क्षेत्रलाई धार्मिक पर्यटनको गन्तव्य बनाउन पहल थालिएको उहाँको भनाइ छ । साविक लेखनाथ नगरपालिकाको पहल एवं विश्व बैंकको रु एक करोड १७ लाख रुपैयाँको सहयोगमा बराह क्षेत्रमा यसअघि नै पदमार्ग, बस्ने ठाउँ, वनभोज स्थल आदिको निर्माण गरिसकिएको थियो । बराह क्षेत्रमा प्राचीनकालदेखि नै पूजाआजा हुँदै आएको र यहाँ कलात्मक कुँदिएका शिला रहेका कारण यस क्षेत्रको पुरातात्विक रुपमा पनि उत्तिकै महत्व रहेको मानिन्छ । बराह क्षेत्रको पुरातात्विक खोज तथा अनुसन्धानका लागि पुरातत्व विभागका प्राविधिकले समेत आएर यहाँको अध्ययन गरिसकेका छन् । अध्यक्ष अधिकारीका अनुसार हालै बेगनास ताल परिसरमा बराहको मन्दिरसँगै लक्ष्मीनारायण, पञ्चायन देवता मन्दिर आदिको निर्माण गरिएको छ । बराहको प्राचीन शिलालाई भने जस्ताकोतस्तै राखिएको उहाँले जानकारी दिनुभयो । बराह मन्दिरसहित लक्ष्मीनारायण, पञ्चायन मन्दिरलगायतको पूर्वाधार निर्माणका लागि करिब दुई करोड



रुपैयाँ खर्च भएको उहाँले जानकारी दिनुभयो । यहाँका मन्दिरसहितका पूर्वाधार निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट रु ८० लाख बजेट विनियोजन भएकामा प्राविधिक मूल्याङ्कनलगायतका कारणबाट रु ६० लाख प्राप्त भएको थियो ।

त्यस्तै सङ्घीय सरकारबाट रु २७ लाख तथा बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्थाबाट रु ३८ लाख विनियोजन भई काम गरिएको छ । मन्दिरका मूर्ति, गजुरलगायतका विभिन्न सामग्रीका लागि विभिन्न भक्तजन एवं दाताबाट पनि सहयोग प्राप्त भएको अधिकारीले जानकारी दिनुभयो ।

पूर्वाधार निर्माणकै क्रममा यहाँस्थित डुङ्गाघाट रु १० लाख ६५ हजार निर्माण गरिएको छ भने त्यहाँ नजिकै पर्यटकलाई लक्षित गरी रु दुई लाखको लागतमा प्रतीक्षालय निर्माण गरिएको छ । त्यस्तै रेलिङलगायतका संरचना पनि निर्माण भएका छन् । मन्दिरलगायतका विभिन्न संरचना निर्माण भएसँगै बेगनास तालमा आउने पर्यटकलाई बेगनास बराह क्षेत्रमा पुर्‍याएर यहाँको धार्मिक महत्वलाई पर्यटकीय रुपमा उपयोग गर्न खोजिएको छ । बेगनास तालमा आउने पर्यटकलाई डुङ्गामार्फत बराह मन्दिरसम्म पुर्‍याउनका लागि बेगनास डुङ्गा व्यवसायी सङ्घले सहुलियतपूर्ण दरमा भाडादर तय गरेको बेगनास डुङ्गा व्यवसायी सङ्घका अध्यक्ष रविराज कँडेलले जानकारी दिनुभयो । दूरीका दृष्टिले सामान्य डुङ्गाबाट मन्दिरमा पुगेर दर्शन गरी फर्कन दुई घण्टाभन्दा बढी लाग्ने गरेको उल्लेख गर्दै उहाँले चार जनाका दरले एउटा डुङ्गामा चढेर फर्कने दर्शनार्थीलाई भाडास्वरुप सात सय रुपैयाँ मात्र लिने गरिएको बताउनुभयो । “हामीले डुङ्गामा सयर गर्न चाहने पर्यटकलाई एउटा डुङ्गा भाडास्वरुप प्रतिघण्टाका लागि सात सय रुपैयाँ पाँच वर्षअघि नै निर्धारण गरिएको थियो”, उहाँले भन्नुभयो, “मन्दिर गएर फर्कनका लागि हामीले दुई घण्टाभन्दा बढी समय लाग्ने भए पनि मात्र सात सय रुपैयाँमा व्यवस्था मिलाएका छौँ ।” डुङ्गामा यात्रुको सुरक्षा समेतलाई दृष्टिगत गर्दै एक पटकमा चार जनासम्म जानसक्ने व्यवस्था मिलाइएको छ । मन्दिरमा धार्मिक पर्यटकको आकर्षण बढाउनका लागि डुङ्गामा सहुलियत व्यवस्था गरिएको बताउँदै उहाँले दर्शन प्रयोजनका लागि मोटरबोटमा जान चाहनेका लागि पनि त्यस्तै सहुलियतको व्यस्था गरिएको जानकारी दिनुभयो । अध्यक्ष कँडेलका अनुसार बेगनास तालमा पर्यटकलाई लक्षित गरी हाल २८० वटा काठका डुङ्गा, नौ वटा प्याडल बोट, २६ फुटे डाँक र तीनवटा मोटरबोट रहेका छन् । डुङ्गा व्यवसायी सङ्घमा तीन सयभन्दा बढी सदस्य आवद्ध रहेको उहाँले जानकारी दिनुभयो ।

पोखरा महानगरपालिका-३१ का अध्यक्ष ढकनाथ कँडेलले मन्दिरसहितका पूर्वाधार निर्माणसँगै यो धार्मिकस्थल सर्वसाधारणका लागि खुला भएको बताउनुभयो । बराह क्षेत्रलाई संस्कृति, प्रकृति र प्रविधिसँग जोडेर पर्यटनको प्रमुख गन्तव्य बनाउन स्थानीय सरकारका तर्फबाट आवश्यक पहल हुने उहाँको भनाइ छ । बेगनास तालमा आउने पर्यटकलाई यहाँस्थित बराह क्षेत्रमा समेत पुर्‍याउने लक्ष्य राखिएको छ । डुङ्गा व्यवसायी समितिले प्रत्येक वर्षको पहिलो पूर्णिमाका अवसरमा ताल क्षेत्रमा डुङ्गा दुर्घटना नहोस्, आगन्तुक पर्यटक, दर्शनार्थी तथा स्थानीयवासी सबैलाई राम्रो होस् भन्ने कामना गर्दै पूजाआजा गर्ने गरेको छ ।

मनले चिताएको पुग्ने जनविश्वासका साथ यस क्षेत्रमा विभिन्न महत्वपूर्ण तिथिमिति एवं पर्वमा दर्शनार्थी आउने गरेका छन् । बराह क्षेत्रसहित यस आसपासका धार्मिक पर्यटकीय गन्तव्यको प्रवर्द्धन एवं पर्यटकीय विकासलाई लक्षित गरी २०७५ मङ्सिर २२ गतेदेखि २९ गतेसम्म बेगनासताल क्षेत्रमा महायज्ञ गरिएको थियो । तत्कालीन महायज्ञ आयोजक मूल समितिका महासचिवसमेत रहनुभएका ध्रुबराज अधिकारीका अनुसार महायज्ञमा कूल रु एक करोड चार लाख आम्दानी भएकामा सबै खर्च कटाएर रु ७६ लाख बचत भएको थियो । बचत रकमको ब्याजबाट यहाँका विभिन्न सामाजिक कामका गतिविधि अघि बढाइएको छ ।

बेगनास तालको प्राकृतिक सम्पदाको संरक्षणका साथै यहाँका बेगनास बराह, वरपरका गोरखनाथ, अर्घौं मौला ठूलाकोट, बेगनास कोट, पचभैया कोट, रुपा कोट, स्याक्लुङ कोटलगायतका कोट, पचभैया देउराली आदि धार्मिक क्षेत्रको प्रवर्द्धन र विकास गर्ने लक्ष्य राखिएको थियो ।

महायज्ञपश्चात् उक्त क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण गरिएको जानकारी दिँदै अधिकारीले बेगनास ताल परिसरमा विश्राम गृह, स्वच्छ पिउने पानीको व्यवस्था गरिएको बताए । तालमा डुबेर बेपत्ता भएका व्यक्तिको उद्धारका लागि पितृ स्मृति कक्ष निर्माण गरिएको जानकारी दिँदै उहाँले बेगनास तालकै गाईघाटमा गाई तथा बाच्छीको मूर्ति स्थापना गरिएको बताए । हावाहुरी आदिका कारण हुनसक्ने सम्भाव्य जोखिमलाई लक्षित गरी उद्धार कक्षसमेत निर्माण गरिएको छ ।

बेगनास तालको संरक्षणसँगै यहाँस्थित बेगनास बराहको प्रचारप्रसार आवश्यक रहेको लेखनाथ उद्योग वाणिज्य सङ्घ पूर्वअध्यक्ष छत्रधर आत्रेय बताउनुहुन्छ । सङ्घकै सक्रियतामा ताल किनाराको रातमाटा क्षेत्रमा अङ्ग्रेजी अक्षरमा ‘बेगनास लेक’ लेखिएको ठूलो बोर्ड राखिएको छ । सङ्घको २०७९ मा सम्पन्न १८औँ लेखनाथ महोत्सवमा बेगनास ताल र यहाँका गतिविधिलाई बुझ्ने गरी डेमो पनि प्रदर्शन गरिएको थियो । बेगनास तालको बेगनास बराह क्षेत्रको धार्मिक पर्यटकीय महत्व उजागर हुनसके ताल र आसपासका क्षेत्रको विकास पनि सँगसँगै हुने स्थानीयवासीले आशा गरेका छन् । ताल र आसपासका स्थान, तालको मुहान स्याङखुदीदेखि कपासे, कुसुन्डे, जिमिरे कुना, पिप्ले जलारी बस्ती, ड्यामसाइट आदि स्थलहरू यसबाट केही न केही रुपमा लाभान्वित हुने देखिन्छ ।

त्यस्तै ताल वरपरका बस्ती मन्धरे पार्क, अलैँचे, बाँस कुना, देउराली मन्दिर, कहेरे, रुपा बेगनास भ्यु टावर, काउरे, माझिकुना आदि स्थलको पनि यसबाट प्रवर्द्धन हुने देखिएको छ । बेगनास बराहको धार्मिक पर्यटकीय उपयोगसँगै आसपासका गोरखनाथ, अर्घौंमौला ठूलाकोट, बेगनासकोट, पचभैयाकोट, रुपाकोट, स्याक्लुङ कोटलगायतका कोट, पचभैया देउराली आदि धार्मिक क्षेत्रको पनि प्रवर्द्धन र विकास हुने विश्वास लिइएको स्थानीयवासी बताउँछन् ।

# विधान संशोधनमा सुझाव दिन एमालेको आग्रह

रासस
काठमाडौं, १३ साउन

नेकपा (एमाले)ले विधान महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधन प्रस्तावमाथि आगामी भदौ १० गतेभित्र सुझाव दिन मातहतका कमिटीलाई आग्रह गरेको छ ।

एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार जारी गर्नु भएको अन्तरपार्टी निर्देशन (अपानी-१२) मा केन्द्रीय कमिटीको बैठकबाट पारित उक्त विधान संशोधन प्रस्तावमा मातहतका कमिटी र सदस्यहरूले आफ्नो सुझाव लिखित रूपमा सो अवधिभित्र पार्टी केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पठाउनुपर्ने उल्लेख छ । अपानी-१२ मा मातहतका कमिटीबाट प्राप्त सुझाव उपर विधान महाधिवेशनपूर्व बस्ने केन्द्रीय कमिटीमा छलफल गरी आवश्यक निर्णय लिइने उल्लेख छ । आगामी भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा हुने पार्टीको दोस्रो विधान महाधिवेशनमा अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव शङ्कर पोखरेलले सङ्गठनात्मक प्रस्ताव प्रतिवेदन प्रस्तुत गर्नुहुने छ । यी तीनै प्रतिवेदन पार्टीको सचिवालय, पोलिटब्युरो र केन्द्रीय कमिटीमा संशोधनसहित पारित गरिएको छ । पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनका प्रतिनिधि पार्टीको विधान महाधिवेशनका प्रतिनिधि हुने वैधानिक व्यवस्था गरिएको अपानी-१२ मा उल्लेख छ । दशौँ राष्ट्रिय महाधिवेशनमा सहभागी नभएका र यसबीचमा केन्द्रीय कमिटी तथा निकायमा मनोनित भएका आयोजकको हैसियतमा विधान अधिवेशनमा सहभागी हुन पाउने व्यवस्था गरिएको अध्यक्ष ओलीले जारी गर्नु भएको अपानी-१२ मा उल्लेख छ । अध्यक्ष ओलीले एमाले राष्ट्रिय राजनीतिको केन्द्र भागमा रहेको उल्लेख गर्दै पार्टीको भविष्य अन्य पार्टीको तुलनामा निकै उज्यालो रहेको बताउनु भएको छ ।

“वर्तमानमा हामी राष्ट्रिय राजनीतिको केन्द्र भागमा छौ र हाम्रो पार्टीको भविष्य अन्य पार्टीको तुलनामा निकै उज्यालो छ । तर हामीले यतिकैमा सन्तोष गरेर बस्नु हुँदैन,” अध्यक्ष ओलीले जारी गर्नु भएको अपानी-१२ मा भनिएको छ, “अब हाम्रो यात्रा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा र राष्ट्रिय गन्तव्य पुरा गर्ने कुरामा केन्द्रित हुनुपर्दछ । जनप्रतिनिधिमूलक निकायको कामलाई थप प्रभावकारी बनाउन जोड दिनु आवश्यक छ । त्यसका लागि पार्टीलाई बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नु पर्नेछ । ‘मिसन ८४’ सफल बनाउँदै पार्टीको नेतृत्वमा एकल बहुमतको सरकार निर्माण गर्नुछ ।” एमालेको अपानीमा समग्रतामा पार्टीको सङ्गठनात्मक जीवन पहिलेको तुलनामा व्यवस्थित हुँदै गएको देखिएको उल्लेख गरिएको छ । “पार्टीका बैठक, कार्यक्रम र अभियानमा कार्यकर्ताको सहभागितामा बृद्धि हुँदै गएको छ । तर पार्टीको योजनाअनुरूप अझै पनि पार्टी कामलाई आधारभूत तहमा र जनसङ्गठनका कामलाई समुदायकेन्द्रित गर्न सकिएको छैन । नेपाली समुदायको बढ्दो उपस्थितिको सापेक्षतामा प्रवासको कामलाई अझै विस्तार गर्न सकिएको छैन । पार्टी निर्माणमा पार्टी नेतृत्व र कार्यकर्ताको स्वपरिचालनको अवस्थामा थप सुधार ल्याउनुपर्ने अवस्था देखिन्छ,” पार्टी अध्यक्ष ओलीले जारी अपानीमा भनिएको छ । पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन तथा ‘मिसन ८४’ सफल बनाउनका लागि पार्टीको सङ्गठनात्मक कामलाई थप सुधार गर्नु आवश्यक रहेको उल्लेख गरिएको छ । पार्टीले सचिवालय, पोलिटव्युरो र केन्द्रीय कमिटी बैठकले गरेका महत्वपूर्ण निर्णय जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन- १२ जारी गरेको हो ।

# ३४ वर्ष पुरानो नहर पुनःनिर्माण

पोखरापत्र संवाददाता
स्याङ्जा, १३ साउन

जिल्लाको सबैभन्दा उर्बर भूमि चापाकोट क्षेत्रको सिँचाइ गर्न बनेको ‘चापाकोट टार सिँचाइ नहर’ पुनःनिर्माण गरिएको छ । ६० वर्ष अगाडि निर्माण शुरुभई ३४ वर्षदेखि संचालनमा रहेको नहर मार्फत चापाकोट नगरपालिका क्षेत्रका झण्डै १२ सय हेक्टर क्षेत्रफलमा सिँचाइ गरिदै आएको छ ।

५ करोडको लागतमा नहरको पुनःनिर्माण र व्यवस्थापन गरिएको चापाकोट टार सिँचाइ योजना अध्यक्ष कृष्णप्रसाद सुवेदीले जानकारी दिए । समथर भू-भाग रहेको चापाकोट र सो क्षेत्रलाई खेतीयोग्य जमिनको सिँचाइ सुविधा पुर्‍याउँदै आएको जीर्ण नहरको मर्मतपछि कृषकहरु उत्साहित भएका छन् । चापाकोटका कृषक कमल पौडेलले नहरको मर्मतपछि आफूहरु खुसी र उत्साहित भएको बताए । ‘नहर जताततै चुहिने भएपछि पानी आउन छाडेको थियो मर्मतपछि त्यो समस्या हटेको छ ।’ पौडेलले भने, ‘नहर मर्मतपछि बाँझो जमिनमा सिँचाइ सुविधा पाएसँगै धान रोपाइँ सकियो ।’



नहरका ठाउँ ठाउँमा पहिरोले क्षति पुर्‍याएको थियो । नहरको माथिल्लो भागबाट ढुङ्गा र माटो झर्दा सिँचाइमा समस्या हुँदै आएको थियो । सघीय सरकारको ५ करोड अनुदानमा नहर मर्मत भएपछि चापाकोटका कृषकले सहज रुपमा सिँचाइ गर्न पाएका हुन् । नहर पहाडी भीरपहरा हुँदै निर्माण गरिएको हुँदा स्थानीय कृषकले हरेक वर्ष सिँचाइको समस्या भोग्दै आएका थिए ।

चापाकोट टार सिँचाइ नहर ज्याग्दीखोलामा बाँध बनाएर दार्सिङ्बाट सुरु गरी चापाकोटको समथर भू-भाग झण्डै २८ किलोमिटरको दूरीमा छ । २०२२ सालमा निर्माण सुरु भएको नहर २०४८ सालमा मात्रै पूर्ण रुपमा सञ्चलनमा आएको थियो । नहर निर्माणसँगै समथर भू-भाग रहेको चापाकोटको मुहार फेरिएको स्थानीय कृषक उत्तम आचार्यले बताए । नहर निर्माण हुनुअघि समथर भएपनि चापाकोट भूमिको उचित उपभोग हुन सकेको थिए । गएको वर्ष असारमा परेको अविरल वर्षाले नहरमा धेरै क्षति बनाएको थियो । गएको वर्ष राम्रोसँग धान रोप्न नपाएका कृषकले निर्वाध रुपमा धान रोपाइँ सकेको सिँचाइ योजना समितिले जनाएको छ ।

धान रोपाइँ र उत्पादनमा समस्या नदेखियोस भनेर समयमै नहर मर्मत गरिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाका प्रमुख किरण आचार्यले बताए । जिल्लाकै धेरै धानखेती हुने समथर भू-भागका कृषकलाई लक्षित गरेर समयमा नै धान रोप्न पाउने गरी पुनःनिर्माणको काम सकेको आचार्यले बताए ।

# बेनीमा दुई सय वर्ष पुरानो बर्खे नाचको रौनक

पोखरापत्र संवाददाता
म्याग्दी, १३ साउन

म्याग्दी सदरमुकाम बेनीमा आजदेखि दुई सय वर्ष पुरानो बर्खे नाच देखाउन सुरू भएको छ । बेनी बजारमा बस्ती बसेदेखि नै बर्खे नाच सुरूआत भएको जनाइएको छ ।

घण्टाकर्ण चर्तुदर्शीदेखि हरितालिका तिजको दिनसम्म विभिन्न नाच देखाइने यस बर्खे नाचले यहाँ जात्राकै रौनक दिने गरेको छ । बर्खे नाचअन्तर्गत आज नागपञ्चमीको दिनदेखि लाखे नाच देखाउन थालिएको नेपाल भाषा मंकाः खलःले जनाएको छ । मंकाखल अन्तर्गत युवाहरूको समूह ल्यामः पुचको नेतृत्वमा बर्खे नाच देखाउने गरिन्छ । यस वर्ष लाखे, घोडा, गोरु, रोपाइँ, नागानागिनी, धानको बाला र जोगीनाच देखाइने ल्यामः पुचका अध्यक्ष जेनेश श्रेष्ठले बताउनुभयो । “परम्परागत रूपमा देखाइँदै आइएको बर्खे नाचलाई संरक्षण गर्दै हराउँदै गएको नाचलाई समेत बर्खेनाचमा निरन्तरता दिएका छौँ,” उहाँले भन्नुभयो, “दुई सय वर्ष पुरानो बर्खेनाचको निरन्तरताका लागि नयाँ कलाकारलाई प्रशिक्षण दिएका छौँ ।”

नाचका विभिन्न नाचमा ४० जना कलाकार सहभागी हुने गर्छन् । आधुनिकताको प्रभावले मौलिक र रैथाने संस्कृति हराउँदै गइरहेको सन्दर्भमा यहाँ सो समुदायले बर्खे नाचलाई जीवन्त राखेका छन् । बर्खे नाचका दर्जनौँ नाच लोप हुने अवस्थामा पुगेको सन्दर्भमा युवाहरूको जागरणले संरक्षण र संवर्द्धनमा टेवा पुगेको छ । यसवर्ष पनि युवाहरूलाई आवश्यक तालिम र परामर्श दिएर व्यवस्थित गराउने प्रयास गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । बर्खेनाच यहाँका नेवार समुदायको सांस्कृतिक पहिचानको रूपमा रहे पनि पछिल्लो समय यसको निरन्तरता र संरक्षणका लागि अन्य समुदायकासमेत सहभागिता हुन थालेको छ । बर्खे नाचमा मृदङ्गा र मादलको तालमा नृत्य



देखाउने गरिन्छ । सबैजसो नाचमा परम्परागत समाजको चित्रण गरिएको हुन्छ । खासगरी लाखे नाचमा परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको घण्टाकर्ण नामको राक्षसको हत्यापछि राक्षसकी श्रीमतीले पति वियोगमा गरेको चरित्रलाई देखाउने गरिन्छ । नागनागिनी नाच भने जनैपूर्णिमा पर्वदेखि दुई दिन वर्षभरि दिवङ्गत भएका व्यक्तिको सम्झनामा देखाउने चलन छ । बर्खे नाचअन्तर्गत तिजको दिनमा दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच समापन गरिने चलन छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२/०४/१३

यसमा कास्की जिल्ला मादी गाँउपालिका वडा नं ७ बस्ने मिना देवी सापकोटाले आफ्नो नाममा दर्ता श्रेस्ता पुर्जा कायम रहेका कास्की जिल्ला साबिक आर्वा विजय वडा न २ को कित्ता नं २६९३ क्षे.फ. ०- २-१-३ र थाक २ का कित्ता नं. १०१५, १०१७, १०१८ क्षे.फ ३-०-१-३, ०-९-०-०, ०-८-२-२ का जग्गाको श्रेस्ता र पुर्जामा नाम कल्पना सापकोटा, ठेगाना सिल्दुजुरे ९ कास्की र नागरीकता नं १५७०|००१५२ र नागरीकता जारी मिति २०७०|०१|३१ रहेको र २०५८/०५/२२ मा निजले जिल्ला प्रशासन कार्यालय कास्कीबाट लिएको नागरीकतामा नाम मिना देवी सापकोटा ठेगाना मादी गा.पा ७ र नागरिकता नं ११८११४ रहेको हुदाँ नागरीकता अनुसार नाम, ठेगाना, नागरिकता न., जारी मिति कायम गरी पाउँ भनि माग निवेदन पर्न आएको हुँदा सम्बन्धित सबैको जनकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । मिना देवी सापकोटा र कल्पना सापकोटा भन्ने व्यक्ति फरक भएमा वा माग बमोजिम संशोधन गरीदिन नहुने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित आफु वा ऐनले दिन मिल्ने वारेस पठाई लिखित उजुर गर्नुहोला अन्यथा कानून बमोजिम भैजाने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सार्वजनिक सूचना मार्फत जानाकारी गराईन्छ ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | सिट नं | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| कास्की | आर्वा विजय | २ | ०९४०८८३० | २६९३ | ०-२-१-३ | जघ प्रमाण पूर्जा र श्रेस्ता मा रहेको नाम कल्पना सापकोटा ना प्र नं १५७०००१५२ जारी मिति २०७०|०१|३१ संशोधन पश्चात कायम हुने नाम मिना देवी सापकोटा, न ा.पन ११८११४, जारी मिति २०५८|०५|२२, र ठेगाना मादी ७ कास्की |
| कास्की | थाक | २ | ०९४०७२७०० | १०१५ | ३-०-१-३ | |
| कास्की | थाक | २ | ०९४०७२७०० | १०१७ | ०-९-०-० | |
| कास्की | थाक | २ | ०९४०७२७०० | १०१८ | ०-८-२-२ | |

ईति संवत २०८२ साल श्रावण १३ गते रोज ३ शुभम् ।